


बाल सन्दर्भ सामग्री – ३

# खाल्डामा परेको भकुन्डो

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# खाल्डामा परेको भकुन्डो



यो किताब
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

सामग्री सङ्कलन
इन्दिरा चालिसे, रत्नमान शाक्य, जयप्रसाद लम्साल
योगराज भट्टराई, लक्ष्मीभक्त बासुकला

चित्राङ्कन कर्ता
राजुबाबु शाक्य

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन् ।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३ | पाठ्यक्रम विकास केन्द्र

# विषय सूची


| क्र.स. | पाठ शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | सिमा ग्वाङको बुद्धि | ५ |
| २. | खाल्डामा परेको भकुन्डो | ९ |
| ३. | भालु झुक्कियो | १४ |
| ४. | रेलले छोएन | १८ |
| ५. | हात्ती कसरी जोख्ने ? | २३ |
| ६. | गरिब किसान र राजा | ३० |
| ७. | युसुफको भारी | ३६ |

# सिमा ग्वाङको बुद्धि




चीनमा धेरै पहिले सिमा ग्वाङ नाम गरेको केटो थियो । ऊ धेरै चलाख थियो । पढिसकेपछि सिमा ग्वाङ साथीहरूसँग खेल्थ्यो ।

उनीहरू बगैँचामा खेल्थे । बगैँचाको वरिपरि ढुङ्गाको पर्खाल थियो । पर्खालको एक छेउमा एउटा ठुलो माटाको घ्याम्पो थियो । त्यस घ्याम्पाभरि पानी थियो ।



एक दिन सिमा ग्वाङ साथीहरूसँग बगैँचामा लुकामारी खेल्दै थियो। सिमा ग्वाङको एक जना साथी पर्खालमा चढेको रहेछ । त्यो साथी चिप्लिएर घ्याम्पाभित्र खस्यो। सबै केटाकेटी घ्याम्पो भएको ठाउँमा जम्मा भए । तिनीहरू के गर्ने, के गर्ने अलमल्लमा परे ।



यस्तो सङ्कटमा सिमा ग्वाङ झट्टै विचार गर्न सक्थ्यो । उसले ठुलो ढुङ्गो टिप्यो र घ्याम्पामा बजार्‍यो । घ्याम्पोमा भ्वाङ पर्‍यो । भ्वाङबाट सबै पानी बाहिर आयो । घ्याम्पामा डुबेको साथी बच्यो ।



गाउँका ठुला मानिसहरूले पनि त्यो कुरा थाहा पाए । त्यसपछि ठुला मानिसहरू घ्याम्पो भएका ठाउँमा आए । घ्याम्पामा डुबेको केटो भ्वाङबाट बाहिर निस्किसकेको थियो । बुद्धि पुऱ्याएर काम गरेकाले सबैले सिमा ग्वाङलाई स्याबासी दिए ।

# खाल्डामा परेको भकुन्डो





धेरै पहिले चीनको कुनै ठाउँमा वेन यान्वो नाम गरेको केटो थियो। उससँग एउटा भकुन्डो पनि थियो ।

एक दिन वेन यान्वो साथीहरूसँग भकुन्डो खेल्दै थियो । भकुन्डो गुडेर इनार नजिकैको सानो खाल्डामा पऱ्यो ।



एक जना साथीले भकुन्डो झिक्न खाल्डामा हात हाल्यो । उसले भकुन्डो भेट्न सकेन । अर्को साथीले बाँसको छडी ल्यायो । त्यस छडीले पनि उनीहरूले भकुन्डो निकाल्न सकेनन् ।



भकुन्डो कसरी निकाल्ने होला भनेर वेन यान्वो विचार गर्न थाल्यो। उसले एउटा जुक्ति निकाल्यो। वेन यान्वोले सबै साथीहरूलाई उसको घर लिएर गयो। घरबाट उसले एउटा बाल्टिन लियो। बाल्टिनमा डोरी बाँधिएको थियो। त्यस बाल्टिनले वेन यान्वोका आमाबाबु इनारबाट पानी झिक्थे।



वेन यान्वोले साथीहरूसँग इनारबाट पानी निकालौँ भन्यो । उनीहरूले बाल्टिन इनारमा खसाले । सबै मिलेर बाल्टिनको डोरी ताने । बाल्टिनमा इनारको पानी आयो । उनीहरूले त्यो पानी भकुन्डो भएको खाल्डोमा हाले ।



उनीहरूले धेरै पटक इनारबाट पानी निकाले। त्यो पानी भकुन्डो भएको खाल्डोमा हाल्दै गए। खाल्डामा पानी बढ्दै गएपछि भकुन्डो पनि माथि आयो। अब उनीहरूले भकुन्डो भेट्न सक्ने भए। वेन यान्वोले भकुन्डो निकाल्यो।

वेन यान्वो र साथीहरू रमाएर फेरि भकुन्डो खेल्न थाले।

# भालु झुक्कियो




एउटा ठुलो वन थियो । वनको बिचमा एउटा बाटो थियो । त्यस बाटामा दुई जना केटाहरू हिँड्दै थिए । उनीहरू साथी साथी थिए । एउटा केटो अलि ठुलो थियो । अर्को केटो साथीभन्दा सानो थियो । उनीहरूले हिँड्दाहिँड्दै बाटामा एउटा भालु देखे । त्यो भालु उफ्रँदै उनीहरूतिर आइरहेको थियो ।



भालु देखेर ठुलो केटो झटपट एउटा रुखमा चढ्यो । सानो केटो रुख चढ्न सकेन । उसलाई आपत् पऱ्यो, तर ऊ आत्तिएन । भालुले मरेको मानिस, जनावर खाँदैन भन्ने कुरो उसले सम्झ्यो । ऊ जमिनमा लम्पसार परेर पल्टियो ।



भालु सानो केटाको छेउमा आयो। सानो केटो लास जस्तै भएर सुतिरह्यो। उसले सास पनि बन्द गऱ्यो। भालुले उसको नाक कान सुँध्यो, तर सानो केटो जिउँदो भन्ने थाहा पाएन। भालुले त्यस केटोलाई केही गरेन। भालु आफ्नो बाटो लाग्यो। सानो केटो बच्यो।




भालु हिँडेपछि रुखको केटो ओर्लियो । सानो केटो पनि उठ्यो । ठुलो केटाले सानो केटोलाई भालुले खान्छ भन्ने ठानेको थियो । भालु त्यतिकै हिँडेको देखेर ठुलो केटो छक्क पर्‍यो । उसले सानो केटालाई जिस्क्याउँदै सोध्यो, “भालुले तिमीलाई कानमा के भन्यो ?” सानो केटोले जवाफ दियो, “आपत्मा साथीलाई एक्लै छोड्नेको विश्वास नगर्नु भनेर भालुले भन्यो ।”

# रेलले छोएन

- रुसी बालकथा



रुसमा एउटा गाउँ थियो। त्यहाँ एउटा किसानको परिवार बस्थ्यो। किसानका दुई ओटी छोरी थिए । ती दुवै पुतली जस्ता राम्रा थिए । ठुली आठ वर्षकी थिई । सानी छ वर्षकी थिई । तिनीहरू रेलको लिकको पल्लापट्टि च्याउ टिप्न जान्थे ।



एक दिन तिनीहरू च्याउ टिपेर घर फर्कँदै थिए। तिनीहरू रेलको लिक नजिकै आइपुगेका थिए । रेल पनि नजिकै आइरहेको थियो। दिदीले झटपट लिक पार गरी। बहिनी लिकको बिचमा पुग्दा च्याउ पोखियो। बहिनी च्याउ टिप्न थाली। दिदी पारिबाट कराई, “च्याउ छोड्दे ! लिकबाट भाग् !” बहिनीले प्रस्ट सुनिन। उसले छिटो टिप भने जस्तो सुनी।



रेलको ड्राइभरले सिट्ठी बजाइरह्यो। दिदी पारिबाट 'भाग् बैनी भाग् !' भन्दै चिच्याइरही। बैनीले च्याउ टिप्न छोडिन। रेलका यात्रीहरूले भने, "कठै बिचरा, मर्ने भई !" ड्राइभरले रेल रोक्ने प्रयास गऱ्यो तर रेल रोकिएन। सानीको माथिबाट रेल गयो। दिदी डाँको छोडेर रुन थाली।



रेल पर पुगेर रोकियो। यात्रीहरू रेलबाट ओर्लिए। उनीहरूले सानीलाई च्याउ टिपिरहेकै देखे। दिदी सानी भएको ठाउँमा दौडँदै आई। यात्रीहरू पनि आए। सबैले सानीलाई सोधे, "तिमीलाई रेलले केही गरेन ?" सानीले जवाफ दिई, "छुँदै छोएन। म ओछ्यानमा जस्तै सुतेँ। रेल लिकबाट गयो।"



सानीले च्याउ टिपिसकी । दिदी बहिनी घरतिर लागे ।

# हात्ती कसरी जोख्ने ?


- चिनियाँ बालकथा



धेरै पहिले चीनमा सान क्योन भन्ने मानिस थिए । उनीसँग धेरै हात्ती थिए । उनले उनको साथी कावो कावोलाई एउटा हात्ती उपहार पठाए । कावो कावोका कामदारले हात्ती देखेका थिएनन् । सबै कामदार हात्ती हेर्न जम्मा भए । कत्रो ठुलो जनावर भन्दै उनीहरू छक्क परे ।



कावो कावोलाई हात्तीको तौल थाहा पाउने इच्छा भयो । उनले सबैसँग त्यो हात्ती कसरी जोख्ने भनेर सोधे । केही मानिसले हात्ती जोख्न ठुलो तराजु बनाउनुपर्छ, भने । केही मानिसले सिङ्गो हात्ती जोख्न सकिँदैन, काटेर टुक्रा टुक्रा पारेर जोख्नुपर्छ भने ।



कावो कावोको सात वर्षको छोरो त्यहीँ थियो । उसको नाम कावो चुङ थियो । कावो चुङ सबैको कुरो सुनिरहेको थियो । उसलाई कसैको कुरामा पनि चित्त बुझ्नेन । कावो चुङले बाबुको अगाडि गएर भन्यो, “म यो हात्ती सजिलै जोखिदिन्छु ।” कावो चुङको कुरो सुनेर ठुला मानिसहरू छक्क परे ।



नजिकै समुद्र थियो । त्यहाँ ठुला ठुला डुङ्गाहरू थिए । कावो चुङले हात्तीलाई समुद्रमा लिएर गयो । उसले हात्तीलाई एउटा डुङ्गामा चढायो ।



हात्ती चढाएकाले डुङ्गाको माथिसम्म पानी आयो। कावो चुङले डुङ्गामा पानीले डुबाएको जति वरिपरि मसीको चिनु लगायो।



त्यसपछि हात्ती डुङ्गाबाट निकाल्न लगायो । अब उसले ढुङ्गा तौलँदै डुङ्गामा हाल्न लगायो । मसीको चिनुमा पानी नआउन्जेल ढुङ्गा हाल्दै गए । मसीको चिनु पानीले छोएपछि ढुङ्गा राख्न छोडे ।



हात्ती राख्दा र ढुङ्गा राख्दाको चिनु एउटै भएपछि हात्ती र ढुङ्गाको तौल बराबर हुने भयो। कावो चुङले ढुङ्गामा राखेजति ढुङ्गाको तौल जोडेर हात्तीको तौल सुनायो ।

अचम्मले हात्ती तौलेकाले कावो कावोले छोरालाई स्याबासी दिए।

# गरिब किसान र राजा




धेरै अगाडि जार इबान भन्ने व्यक्ति रुसका राजा थिए । उनी आफ्ना जनताको दुःख बुझ्न अरूले नचिन्ने गरी डुल्न जान्थे । एक दिन साँझ परेपछि उनी मास्को सहरका छेउको गाउँमा पसे । घुम्दा घुम्दा थाकेर आराम गर्ने विचार गरे ।



राजाले गाउँका मानिसहरूलाई भने, “दाइ, म सारै थाकेको छु । मलाई बास बस्ने ठाउँ देऊ ।” राजाले लाएको लुगा ज्यादै साधारण दियो । उनी राजा हुन् भन्ने कुरा कसैले पनि थाहा पाएनन् । उनलाई पनि बस्ने बास दिन मानेनन् । राजालाई दुःख लाग्यो ।



राजा त्यहाँबाट फर्के। फर्कन लाग्दा राजाले एउटा सानो झुप्रो देखे। त्यो झुप्रो एउटा गरिब मानिसको थियो। ऊ ज्यादै गरिब थियो।



राजाले त्यस झुप्रोको ढोका घचघचाउन थाले । त्यो गरिब किसानले ढोका उघारेर सोध्यो, “तपाईँले कसलाई खोज्नुभएको हो ?”

राजाले जवाफ दिए, “म आज रातभरि यहाँ बास बस्न चाहन्छु ।” किसानले भन्यो, “तपाईँ कुसमयमा आइपुग्नुभयो । अहिले मेरी श्रीमती बिरामी परेकी छिन्, म तपाईँलाई केही पनि खान दिन सक्दिनँ तैपनि चिसोबाट बच्नुहोस् । आज रातभरि यहीँ बस्नुहोस् ।”



त्यति भनेर किसानले राजालाई एउटा कोठामा लग्यो । त्यहाँ उसका छोराछोरीहरू सुतिरहेका थिए । तिनीहरूमध्ये कोही निदाएका थिए र कोही जाडोले थरथर कामिरहेका थिए । किसानले केही रोटी राजालाई दियो । अनि सुत्नका लागि अलिकति पराल पनि ओछ्याइदियो ।



भोलिपल्ट उज्यालो भएपछि राजा दरबार पुगे । उनले आफ्नो लुगा फेरेर फेरि त्यही गरिबको झुप्रामा आइपुगे । किसानलाई बोलाएर आफू राजा भएको र हिजो यहीँ बास बसेको कुरा बताए । किसान अचम्ममा परे । राजाले किसानलाई धेरै धन्यवाद दिए । उनी किसानदेखि धेरै खुसी भएर किसानका छोराहरूलाई दरबारमा लगे । राजाले किसानका छोराछोरीलाई आफ्नै छोराछोरी जस्तै गरी पाले ।

# युसुफको भारी

- ग्रिसेली बालकथा



युनान भन्ने एउटा देश थियो । त्यहाँ युसुफ भन्ने केटो थियो । ऊ बाठो थियो । ऊ युनानका राजाकहाँ नोकरी गर्थ्यो ।

एक दिन त्यहाँका राजा तीर्थ जाने भए ।  त्यस बेला मोटर, हवाईजहाज केही थिएनन्, हिँडेर जानुपर्थ्यो । सामान मानिसले नै बोक्नुपर्थ्यो । वन जङ्गलमा पनि बास बस्नुपर्थ्यो । तीर्थ जानका लागि खाने कुरा बोक्नुपर्ने भयो । सुत्न ओढ्ने ओछ्याउने पनि बोक्नुपर्ने भयो ।



राजाका दरबारमा खाने कुरा र ओढ्ने ओछ्याउनेका भारी तयार भए । युसुफले पनि एउटा भारी बोक्नुपर्ने भयो । उसले खाने कुराको भारी बोक्छु भनेर रोज्यो । त्यो भारी अरूभन्दा गरौँ थियो । ठुला मानिस सबैले युसुफलाई अरू नै भारी बोक्न भने । युसुफले गरौँ भए पनि आफूले रोजेकै भारी बोक्ने ढिपी गऱ्यो । ठुला मानिसले उसलाई मुर्ख केटो ठाने ।



दरबारमा हिंडेको दिन युसुफ अरूसँग हिंड्न सकेन । भारी गरौं भएकाले उसलाई धेरै कष्ट भयो । ऊ सबैको पछि पछि बिस्तारै हिंड्यो । ठुला मानिसले फेरि उसलाई अर्कै भारी बोक भने तर युसुफले मानेन ।



भोलिपल्ट युसुफ अरूसँगै हिंड्यो । पर्सिपल्टदेखि ऊ अरूभन्दा अघि अघि हिंड्न थाल्यो ।

युसुफको भारीबाट दिनदिनै खाने कुरो निकाल्नुपर्थ्यो । त्यसैले दिनदिनै उसको भारी घटेर गयो । अरूको भारीबाट खर्च हुने कुरो थिएन । त्यसैले अरूको भारी घटेन ।



तीर्थ पुग्दा युसुफको भारी आधा घटेको थियो । ऊ कति पनि थाकेको थिएन । तीर्थमा ऊ सबैतिर घुम्न सक्यो । अरू साथी धेरै थाकेका हुनाले घुम्न सकेनन् ।

ठुला मानिसले बल्ल थाहा पाए, युसुफ मुर्ख होइन, बाठो रहेछ । एक दुई दिन दुख गर्दा धेरै दिन सुख हुन्छ भने केही दिन दुख गर्नुपर्छ ।